# ग्राहक बोलाउँदै सुनसान ठमेल

**नेपाल समाचारपत्र, काठमाडौं**

कोरोना संक्रमणबाट थलापरेको मुख्य पर्यटकीय क्षेत्र ठमेलका घरधनी र व्यवसायीबीच घरभाडाको विषयमा सहमति भएको छ।

घरधनीका कारण व्यवसायी घर छोडेर जानुपर्ने अवस्था आएको समाचार सार्वजनिक भएपछि बिहीबार ठमेल क्षेत्रका घरधनी र व्यवसायीले संयुक्तरूपमा पत्रकार सम्मेलन गरेर सोबारेमा जानकारी दिएका हुन्। समस्याको समाधान खोज्ने क्रम अझै जारी रहेको र ९५ प्रतिशत व्यवसायी र घरधनीबीच घरभाडा र व्यवसाय सञ्चालनका लागि सहमति भएको व्यवसायीसमेत रहनुभएका घरधनी योगराज राजभण्डारीले जानकारी दिनुभयो।

१ दशमलव ५ किलोमिटरभित्र रहेका १ हजार २ सय घरधनी र व्यवसायीबीच सहमति हुँदै गएको र यसले मुलुकभर व्यवसाय गर्नेहरूलाई एउटा नमुना प्रदान गरेको व्यवसायी तेजेन्द्रनाथ श्रेष्ठले जानकारी दिनुभयो।

अहिले घरभाडा तिर्न नसकेर ७० भन्दा बढी व्यवसायी पलायन भएको तथा केही व्यवसायी र घरधनीबीच अझै समस्या देखापरेकाले सहमति खोज्ने प्रयास भइरहेको श्रेष्ठले जानकारी दिनुभयो।

नेपाल आउने विदेशी पर्यटकको पहिलो रोजाइमा परेको ठमेलमा अहिले व्यवसायी र घरधनीले ४ अर्बभन्दा बढी लगानी गरेको यो क्षेत्रको समस्या समाधान गर्न सरकारले पनि चासो देखाउनुपर्ने व्यवसायी श्रेष्ठले बताउनुभयो।

अहिले ठमेल क्षेत्रमा २-२ सयको हाराहारीमा होटल, रेस्टुरेन्ट, ट्रेकिङ ट्राभललगायतका अन्य व्यवसायीलाई सम्बोधन गर्न घरधनी तथा व्यवसायी तयार भएको राजभण्डारीले जानकारी दिनुभयो।

घरधनी र व्यवसायीले संयुक्तरूपमा बैंकको ब्याजमा पुनर्विचार गर्न, विद्युत्, टेलिफोन, इन्टरनेटमा छुट दिने व्यवस्था मिलाइदिन पनि सरकारलाई आग्रह गरेका छन्।

ठमेलका व्यवसायी र घरधनीबीच भिन्न खाले समस्या भएकाले समाधान पनि घरधनी र व्यवसायीले मिलाउनुपर्ने देखिएको छ। 'ठमेलका कतिपय व्यवसायीले घरभाडामा दिँदा सरकारलाई कर कम तिर्न दोहोरो कागज गरेको फेला परेकाले त्यो समस्या समाधान गर्न पनि अहिले हामी खटिएका छौं।' -राजभण्डारीले भन्नुभयो।

घरबहाल महँगो भएका कारण कतिपय व्यापारी भने घरधनीले जति नै छुट भए पनि त्यसले आफूहरूलाई सम्बोधन गर्न नसक्ने बताएका छन्। घरधनी र व्यवसायीबीच भएको सहमतिमा ३५ प्रतिशतदेखि ७० प्रतिशतसम्म घरभाडा छुट दिएको पाइएको छ। हुनेखाने घरबेटीले ७० प्रतिशतसम्म घरभाडा छुट दिएका छन् भने अन्यले ३५ प्रतिशतसम्म छुट दिएको राजभण्डारीले जानकारी दिनुभएको छ।

## बल्झियो...

लिम्पियाधुरासहित नेपालको भू-भाग समेटेर नेपालको नयाँ नक्सा जारी गरेपछि पार्टी नेताहरूलाई प्रयोग गरेर भारतले सरकार ढाल्न खोजेको अभिव्यक्ति दिएपछि प्रधानमन्त्री ओलीको कार्यशैलीप्रति रुष्ट हुँदै जारी स्थायी समिति बैठकमा एकाएक दुवै पदबाट राजीनामा दिनुपर्ने पक्षमा बहुमत नेताहरू उभिएपछि विवाद शुरू भएको हो।

केही दिनअघि अयोध्या नेपालमा पर्ने र भगवान् राम पनि नेपालमै जन्मिएको अभिव्यक्ति दिएपछि ओलीको देशभित्र र बाहिर पनि आलोचना भएसँगै नेकपाभित्र प्रचण्ड नेपाल पक्षले उक्त विषयलाई पनि जोडेर राजीनामाको मुद्दा बलियो बनाउँदै लगेका छन्।

## कोरोनासँग

साथै विद्यालय खुलेपछि मात्रै २०७७ वैशाखदेखि असारसम्मको तलब सुविधा शिक्षक कर्मचारीलाई प्रदान गरिने उनीहरूको घोषणा छ। गएको चैत ५ गतेदेखि विद्यालय बन्द भएका कारण अधिकांश निजी विद्यालयले शिक्षक-कर्मचारीलाई तलब दिएका छैनन्।

अहिले शिक्षा मन्त्रालयले निजी विद्यालयलाई सहुलियत दिने वा शुल्क उठाउन पाउने व्यवस्था गर्ने प्रस्ताव कोरोना रोकथाम उच्चस्तरीय समिति (सीसीएमसी) मा लगेको छ। त्यसमा कम जोखिममा रहेका स्थानमा सावधानी अपनाएर सामुदायिक विद्यालयसमेत खोल्न सकिने प्रस्ताव छ। तर, सीसीएमसीले कुनै निर्णय गरेको छैन।

यसैबीच सरकारी लगानीको साझा यातायातले उपत्यकाका धेरैजसो रुटमा २६ वटा बस सञ्चालन गरेको छ। सरकारले तोकेअनुसार नै सिटभन्दा आधा यात्रु राखेर बस सञ्चालन गरिएको साझाका व्यवस्थापक महेन्द्र पाण्डेले जानकारी दिनुभएको छ। बसका कर्मचारी र यात्रु दुवैले आवश्यक सुरक्षाप्रति सर्तक हुने गरी बस सञ्चालन शुरु भएको, यात्रुले बसमा चढ्दा माक्स लगाउने, सेनेटाइजरको प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने र खुद्रा पैसा बोकर मात्रै बसमा यात्रा गर्नुपर्ने व्यवस्था मिलाएको जनाइएको छ।

२०१८ सालदेखि 'सर्वसाधारण जनताको निमित्त सस्तो, सुलभ र भरपर्दो, जनप्रिय, विश्वसनीय यातायात सेवा सञ्चालन गर्ने मूल उद्देश्य' का साथ सञ्चालित साझा यातायात सार्वजनिक सवारी सञ्चालनमा दृष्टान्त हुन सक्छ। कोरोना पूर्णतः शून्यतिर झरेपछि व्यवसाय सञ्चालनमा जाने सोच व्यावहारिक छैन, यस तथ्यलाई बैंकिङ क्षेत्रले पनि आत्मसात् गर्दै निक्षेपमा ब्याजदर घटाएर आफूलाई कोरोना सँगसँगै अघिबढाउने मनस्थिति बनाएको छ। विस्तारै परिस्थिति कोरोनासँग सहकार्य गर्ने दिशातिर अघि बढेको छ। विद्यालयलाई पनि सहकार्यका तागि तयार राख्नुको विकल्प छैन। कोरोनासँग अभ्यस्त नेपाली पछाडि फर्किने मनस्थितिमा देखिँदैनन्।

## ६३...

केन्द्रले पूर्वसचिव महाश्रम शर्माको संयोजकत्वमा गठित शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले दिएको प्रतिवेदनको अध्ययन गरी सोहीअनुसार दरबन्दी मिलान गर्ने तयारी गरेको छ।

समितिले बुझाएको प्रतिवेदनको अध्ययन गरी दरबन्दी पूर्ण गर्ने तयारी सरकारले गरेको छ। बजेटको कारण समस्या देखिएको केन्द्रको भनाइ छ। महानिर्देशक डा. थपलियाले दरबन्दीको विषयमा सरकारले निर्णय गर्न उपयुक्त हुने जानकारी दिनुभयो।

तथ्यांकअनुसार हाल आधारभूत (प्रावि) तहमा १ लाख ६ हजार ८५, आधारभूत (निमावि) मा २५ हजार ६ सय ८७ र मावि तहमा १९ हजार ५ सय शिक्षक कार्यरत छन्।

मन्त्रालयको तथ्यांकमा हाल मुलुकभर आधारभूत प्राविमा १ लाख ३ हजार ५ सय २, निमाविमा ५० हजार ३ सय ९१ र मावि तहमा ४३ हजार १२ जना शिक्षक आवश्यक रहेको उल्लेख गरेको छ। प्राविमा २ दशमलव ७२, निमाविमा ४९ दशमलव २ र मावि तहमा ५४ दशमलव ६२ प्रतिशत शिक्षक अपुग रहेको प्रतिवेदनमा उल्लेख छ।

## सरकार...

बस्तीमुनि सुरुङ नखन्न अनुरोधसहित निवेदन दिए पनि आफूहरूको आवाज सुनुवाइ नभएको स्थानीय पेसलाल तामाङले बताउनुभयो।

'बस्तीमुनि सयौंचोटि बम पड्काएको छ, बम पड्काउँदा भुइँचालो आएजस्तो हुन्थ्यो', पेसलाल भन्नुहुन्छ- 'घरबास उठ्ने भयो, ज्यान जोखिममा पर्ने भयो भनेर सीडीओलाई निवेदन दियौं तर हाम्रा कुरा कसैले सुनेनन्।' राजनीतिक दलका स्थानीय अगुवाले हाइड्रोपावरसँग मिलेर माथि बस्ती नै छैन भनी बस्तीमुनि सुरुङ खन्न लगाएको उहाँ बताउनुहुन्छ।

अपर बलेफी हाइड्रोकै कारण नाम्फा गाउँ पहिरोको पीडामा परेको भन्दै हाइड्रोपावर कम्पनीले सिंगो गाउँको जिम्मा लिनुपर्ने स्थानीय बताउँछन्। 'बस्तीमुनि सुरुङ किन खनियो, हाइड्रोपावरका लागि हामी नाम्फाली मरिदिनुपर्ने', स्थानीय भरत थापा भन्नुहुन्छ- 'अब हामीलाई कहाँ लाने हो हाइड्रोले जिम्मा लिनुपर्छ।'

यसैबीच सिंगो बस्ती पहिरोको उच्च जोखिममा परेपछि तत्कालीन अवस्थामा जीउज्यानको सुरक्षा नै प्रमुख भएको जुगल गाउँपालिकाका अध्यक्ष होमनारायण श्रेष्ठले बताउनुभएको छ। उहाँले जोखिममा रहेका घरपरिवारलाई तत्कालका लागि टेन्टको व्यवस्था गरिएको जानकारी दिनुभयो।

हाइड्रोपावरले सुरुङ खनेका कारण बस्ती नै जोखिममा परेका बारे तत्काल भू-गर्भविद् झिकाएर अध्ययन गरिने उहाँले बताउनुभयो। नाम्फाबासीको दीर्घकालीन व्यवस्थापनका लागि गाउँपालिकाले आवश्यक कदम चाल्ने उहाँको भनाइ छ। 'अहिले उहाँहरूलाई बचाउनु नै पहिलो प्राथमिकता हो', उहाले भन्नुभयो- 'भू-गर्भविद् झिकाएर अध्ययन गर्छौं र नाम्फाबासीको दीर्घकालीन रूपमा व्यवस्थापन हुने गरी काम गर्छौं।'

## आचारसंहिता...

उजुरी नपरे पनि स्वअनुगमनबाट देखिएका फरक विषयका कारण २१ वटा विद्युतीय सञ्चार माध्यमलाई कारबाही अघिबढाएको छ। त्यसैगरी प्रधानमन्त्रीसँग सम्बन्धित स्वीस बैंकमा पैसा छ भनी समाचार प्रकाशित गर्ने १५ वटा अनलाइनलाई पनि स्पष्टीकरण सोधिएको छ। प्रेस काउन्सिलको क्षेत्राधिकारभित्र नपर्ने युट्युबका विषयमा पनि सम्बन्धित निकायमा रिपोर्टिङ गरी बाग्लुङ टिभीलगायतका दुईवटा बन्द पनि भएका छन्।

यस विषयमा वरिष्ठ पत्रकार रामकृष्ण रेग्मी भन्नुहुन्छ- 'यतिबेला मिडिया संकटमा परेको छ। प्रेस काउन्सिलले पनि मिडियालाई बचाउने र उठाउने काममा ध्यान दिनुपर्छ, कारबाही हैन सूचना प्रवाहमा सहयोग गर्नुपर्छ।'

कोरोना संक्रमण, लकडाउनजस्ता जटिल अवस्थामा मिडियाको भूमिका कस्तो हुनुपर्छ भन्ने विषयमा वरिष्ठ पत्रकार रेग्मी भन्नुहुन्छ- 'यसभन्दा पहिला कोरोना संक्रमणजस्तो विश्वमा नै एकैपटक महामारीका रूपमा अरू रोग फैलिएको थिएन। आमसञ्चारको माध्यमले जुन सूचना दिन खोजेको छ त्यो सही बाटोमा छ।'

बेलाबेलामा मेडिकलको इथिक्स र सूचनाको प्रवाहमा तालमेल नमिल्दा कोहीबेला कोभिडले नमरेका मान्छेलाई पनि कोभिडले मरे भनियो। संक्रमितको नाम, ठेगाना सार्वजनिक गर्दा नेपाली समाजमा संक्रमितको नाम, थर, वडा मात्र नभई घर परिवार नै चिनियो। यसले गर्दा कोरोना लागेको भनेर भेदभावको स्थिति पनि निम्तियो। तर मिडियामा त्यो ख्याल नै नगरी समाचार सम्प्रेषण भइदिँदाको स्थिति हो।

नेपालमा पहिलो कोरोना संक्रमितको विषय निको भएर काममा फर्केपछि मात्र आम सञ्चारका माध्यममा सकारात्मकरूपमा समाचार आयो। तर दोस्रो फ्रान्सबाट नेपाल फर्किएकी युवतीका विषयमा सामाजिक सन्जालमा बढी चर्चा भए र आमसन्चारका माध्यमले भने ब्यालेन्स गरेरर लेखे, पढे। यस्तो अवस्थामा समाजबाट भेदभावको स्थिति सृजना हुने हुनाले स्वास्थ्य, विज्ञान पत्रकारिताको इथिक्स पालना गर्नैपर्छ र पहिलो हुन खोज्नै हुँदैन। यस्ता विषयमा प्रतिस्पर्धाको कुनै अर्थ हुँदैन। कोभिड १९ मा कोही पनि बलियो छैन र कोही पनि कमजोर छैन जसलाई पनि कोरोना संक्रमण हुन या नहुन सक्छ। यो बेलामा मात्र हैन पहिला पहिला पनि यस्तो हुन्थ्यो र अहिले पनि छ। समाचार दिन खोजेको प्रवृत्तिलाई आलोचना गर्न मिल्दै मिल्दैन।

अहिलेको अवस्थामा सञ्चार संस्था नै समस्यामा छ, किनभने विज्ञापन कम छ। यस्तो अवस्थामा पनि कोभिड १९ को रिपोर्टिङ जसरी पनि गरौं भन्ने यो प्रवृत्तिले सञ्चारलाई जोगाउनु छ भन्ने देखाएको छ।

यसैगरी वरिष्ठ पत्रकार पी खरेल पनि यतिबेला मिडियालाई जीवित राखेर विनाभेदभाव पत्रकारिताको आचार संहिताभित्र समेटेर अघि बढाउनुपर्ने कुरामा जोड दिनुहुन्छ।

उहाँ भन्नुहुन्छ- 'प्रेस काउन्सिलले कारबाही गरेको समाचार अनलाइनमा पढेको हो तर यति ठूलो संख्या कारबाहीमा परेको जानकारी थिएन। समाचार कुन अवस्थामा कुन स्रोत प्रयोग गरेर लिनुपरेको थियो भन्नेमा पनि भरपर्छ र विदेशमा यस्ता विषयले निकै महत्त्व राख्छ। विदेशमा पनि मिडियाको मोनिटरिङ गर्ने निकाय हुन्छ र यस्ता विषयलाई समेत केलाएर हेर्छन्। नमरेको मान्छेलाई मर्‍यो, रोग नै नलागेकोलाई लाग्यो भन्दा व्यक्तिलाई पक्कै चोट पुग्छ। यस्तो अवस्थामा प्रेस काउन्सिलले अनुगमन र छानबिन गर्दा ठूला, कुनै दल विशेष र साना मिडियामा भेदभाव गर्नुहुन्न। यसको अर्थ ठूला मिडियाले आचारसंहिताको पालना गरेका रहेछन्, गल्ती गर्ने सानो र ठूलो भन्ने हुनुहुन्न। काउन्सिलले ठीकै गरेको होला त्यस विषयमा मैले भन्न सक्दिनँ। कारबाही गर्दा स्पष्टीकरण सोध्ने, लिने गरेकै होला? यस्ता कुरालाई छानबिन गर्ने निकायले हेर्नुपर्छ।'

यतिमात्र हैन कसैलाई कुन कुराले चोट पुग्छ कसैलाई कुन कुराले। पछि आफ्नै आफ्नै इनिसेटिभमा नगर्ला कुनै व्यक्तिगत कुरा पर्‍यो भने प्रेस काउन्सिलले इनिसेटिभ लिएर साध्य चल्दैन। तर कोरोनाबाहेक नै अरू कुनै कुरा पर्‍यो भने यसलाई नजिर बनाएर मलाई त यस्तो भन्यो। कोरोनाको कारणले हैन, म नमरेको मान्छेलाई पनि मर्‍यो भन्यो काउन्सिलले तत्काल कारबाही गरेर मिडिया बन्द गर्न सक्छ कि सक्दैन? यस विषयमा प्रेस काउन्सिलले विचार पुर्‍याउनुपर्छ। हालै मात्र एउटा स्थापित छापामाध्यममा पूर्वयुवराज्ञी हिमानीको छोरीको ब्वाइफ्रेन्ड भनेर समाचार छापे। पुनः त्यो होइन भनेका छन्, त्यो पुष्टि भयो कि भएन? त्यस्ता विषय पनि हेर्नुपर्छ। यस्ता विषयलाई समाचार बनाउने मिडियालाई कारबाही गर्ने कि नगर्ने? हचुवाका भरमा लेख्ने अधिकार कसैलाई पनि छैन। पहिला एकरूपता हुनुपर्छ जिम्मेवारी बहन गर्ने निकायले काइते कुरा गर्नुहुन्न।

## उपत्यकामा कोरोना संक्रमित घटे

**काठमाडौं, (नेस)**

उपत्यकाका कोरोना संक्रमणको भए/नभएको जाँच गर्न संकलन गरिएको ४ हजार नमुनामा ३ जनामा संक्रमण पुष्टि भएको छ।

काठमाडौं उपत्यकाको भीडभाड हुने ठाउँका अग्रपंक्तिमा काम गर्ने ४ हजार २ सय जनाको नमुना परीक्षण गर्दा तीन जनामा कोरोना संक्रमण पुष्टि भएको बताइएको छ।

महाशाखाले काठमाडौं उपत्यकाको समुदायमा कोभिड-१९ को संक्रमण छ वा छैन भनेर भीडभाड हुने ठाउँका अग्रपंक्तिमा काम गर्ने व्यक्तिको परीक्षण गरेको थियो। ती तीन जनामध्ये दुई जनाबाहिर मुलुकबाट आएका व्यक्ति रहेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुले जनाएको छ। ५ हजारमा गरिएको नमुना परीक्षणमध्ये ८ सयको नतिजा भने आउन बाँकी रहेको छ। केही दिनयता बाहिर जिल्लामा संक्रमण दर घटे पनि उपत्यकामा संक्रमित बढेपछि उपत्यकाका भीडभाड हुने ठाउँका मानिसमा परीक्षण गरेको सो अस्पतालले जनाएको छ।

नेपालमा अहिलेसम्म ३ लाख ३ हजार ८ सय १० को पीसीआर परीक्षण गर्दा १७ हजार ३ सय ४४ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। तीमध्ये ११ हजार २ सय ४९ जना संक्रमणमुक्त भई घर फर्किसकेका छन्। नेपालमा हालसम्म कोरोना संक्रमणबाट ३९ जनाको मृत्यु भइसकेको छ।

## पशुपति मन्दिर नखुल्ने

**काठमाडौं, (नेस)**

साउन महिनाको पहिलो सोमबार पशुपति मन्दिर नखुल्ने भएको छ। सरकारले जारी गरेको लकडाउन बुधबार ७ गतेसम्म कायमै रहेकोले दर्शनका लागि पशुपति मन्दिर खुला नरहने पशुपति क्षेत्र विकास कोषले जनाएको छ।

कोषका सदस्य सचिव डा. प्रदीप ढकालले साउनको पहिलो सोमबार लकडाउनभित्र परेकाले मन्दिर नखोल्ने बताउनुभयो। 'साउनको पहिलो सोमबार लकडाउनभित्रै पर्छ अर्को सोमबार खुल्ने नखुल्ने विषयमा सरकारको निर्णयको प्रतीक्षामा छौं।' -उहाँले भन्नुभयो।

हिन्दूहरूका लागि साउन महिनाको सोमबारलाई विशेषरूपमा लिइन्छ। साउन महिनाको प्रत्येक सोमबार पशुपतिलगायत देशभरका शिवालयमा भिड लाग्ने गर्दछन्। व्रत बस्दै शिवको पूजा, दर्शन गरे पति-पत्नीको आयु बढ्ने, राम्रो पति पाइनेजस्ता लाभ मिल्ने विश्वास छ।

# प्याब्सन र एनप्याब्सनको चेतावनी

## ऐक्यबद्धता जाहेर नगर्ने विद्यालयलाई व्यावसायिक बहिष्कार

**नेपाल समाचारपत्र, काठमाडौं**

दुई निजी विद्यालयको छाता संगठन प्याब्सन र एनप्याब्सलने देशभरका करिब दुई दर्जन गुठी, सहकारी र विभागीय विद्यालयलाई पत्र पठाएर अनलाइन कक्षा बन्द गर्ने विषयमा ऐक्यबद्धता जनाउन पत्राचार गरेको छ।

दुई संगठनले बिहीबार ती विद्यालयलाई पत्राचार गरी दुई संगठनले गरेको अपिललाई अटेर गरे व्यावसायिक वहिष्कार गर्ने चेतावनी दिएका छन्। 'हामीले सरकारविरुद्ध कुनै किसिमको आन्दोलन गरेका होइनौं, आर्थिकरूपमा चरम संकट परेपछि सबै प्रकारका विद्यालयलाई ऐक्यबद्धता जाहेर गर्न आग्रह गरेका हौं।' -प्याब्सन सहअध्यक्ष डीके ढुंगानाले भन्नुभयो।

उहाँले जावलाखेलको सेन्ट जेभियर्स, सेन्ट मेरिज, बूढानीलकण्ठ, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका विद्यालय, शैक्षिक गुठीबाट सञ्चालित सिद्धार्थ वनस्थली, एलआरआईलगायतका विद्यालयलाई समेत पत्राचार गरेको जानकारी दिनुभयो।

हिजो दिनभरि भएको बैठकपछि देशैभरका विद्यालयलाई पत्राचार गरिएको थियो। राजधानीभित्रका केन्द्र र जिल्ला, स्थानीय कमिटीले स्थानीय तह र जिल्लाले जिल्ला र प्रदेशले प्रदेशस्तरमा पत्र तयार गरी सम्बन्धित विद्यालयमा पुर्‍याएका थिए।

प्याब्सन अध्यक्ष टीकाराम पुरीले जटिल अवस्थामा पुगेको निजी विद्यालयलाई बचाउने विषयमा सरकारले कुनै निर्णय नगरेको कारण पढाइ बन्द गर्नुपरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'सरकारले निजी विद्यालयले शिक्षा क्षेत्रमा गरेको योगदान बिर्सँदै गएपछि बाध्य भएर पढाइ स्थगित गरेका हौं।'

प्याब्सन अध्यक्ष पुरी र एनप्याब्सन अध्यक्ष ऋतुराज सापकोटाले आफूअन्तर्गतका जिल्लाका अध्यक्षलाई निदेर्शन दिएर दुई संस्थाको निर्णय पालना गर्न आग्रह गर्नुभएको थियो। दुई संस्थाले निर्देशन सदस्य विद्यालयले पालना नगरे सदस्यता खारेज गर्नेसम्मको निर्णय गर्न तयार भएको प्याब्सनका सहअध्यक्ष ढुंगानाले स्पष्ट पार्नुभयो। भन्नुभयो- 'यो सबैको समस्याको विषयको कुरा भएकोले दुई संस्थाको निर्देशन पालना गर्नेपर्छ।'

शुल्क उठाउन नपाएको झोकमा अनलाइन कक्षा बन्द गरेको आरोप लागेको दुई संस्थाले सरकारसँग वार्ताको ढोका खुला रहेको स्पष्ट पारेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले बन्द गरेर समस्या समाधान हुन नसक्ने बताउँदै आउनुभएको छ। मन्त्रालयले सबै सरोकारवालासँग बैठक बसेर समस्या समाधान गर्ने तयारीमा रहेको छ। मन्त्रालयले इस्टु, अभिभावक महासंघ, शिक्षक महासंघ, संस्थागत विद्यालय अभिभावक संघलगायतसँग वार्ता गर्ने तयारी गरेको छ। यसअघि पटकपटकको वार्ताबाट समस्या समाधान नभएपछि प्याब्सन र एनप्याब्सनले हिजो साउन १ गतेदेखि अनलाइन कक्षा बन्द गरी शिक्षक र कर्मचारीलाई बेतलबी बिदा दिने निर्णय गरेको थियो।

# होम क्वारेन्टाइन घातक, समुदायमा कोरोनाको आशंका

**घनश्याम बगाले, नवलपरासी**

परिवारसहित भारतको मुम्बईबाट आएका पूर्वीनवलपरासीको कावासोतीका एक दम्पती गुपचुप होम क्वारेन्टाइनमा बसे। सबै कुरो चाल पाएका छिमेकीले पनि तै चुप मै चुप केही थाहा नभएझैं गरे। यो एउटा उदाहरण मात्र हो।

पछिल्लो समय गैंडाकोट नगरका विभिन्न वडामा होम क्वारेन्टाइन बसेका ७ जनामा कोरोना पोजेटिभ देखिएपछि अहिले ती छिमेकीहरू झस्किएका छन्। अस्ट्रेलियाबाट आएर होम क्वारेन्टाइनमा बसेका गैंडाकोट ८ का ७८ वर्षीय वृद्ध र ६७ वर्षीय वृद्धामा बुधबार कोभिड १९ पुष्टि भएको छ।

कोरोना संक्रमित वृद्धवृद्धा दुवै श्रीमान्-श्रीमती हुन्। यस्तै होम क्वारेन्टाइन बसेकी सोही वडाकी २८ वर्षीय गर्भवती महिलामा पनि कोरोना संक्रमण देखिएको छ। होम क्वारेन्टाइन भनिए पनि संक्रमण देखिएकाबाट जानेर या नजानेर स्वयंको परिवार र समुदायमा संक्रमण फैलन सक्ने आशंका बढेर गएको छ।

एउटै नगरमा होम क्वारेन्टाइन बसेका ७ जनामा कोरोना पुष्टि भएपछि सम्बन्धित घरहरू सिल गरिएको गैंडाकोट नगर स्वास्थ्य प्रमुख झलक पौडेलले बताउनुभयो। भारतबाट आएकाहरू भन्दा तेस्रो मुलुकबाट आएकाहरूले पहुँच र सामाजिक प्रभावका आधारमा होम क्वारेन्टाइनमै बस्ने गरेको पाइएको छ।

होम क्वारेन्टाइन बस्नेले आफू अलग्गै बसेको छु भने पनि घर वरपर डुल्ने, विदेशबाट ल्याएका मिठाई चक्लेट, कपडा बाँड्ने गर्दा कोरोना समुदायमा फैलने अधिक सम्भावना रहन्छ। गैंडाकोट नगरपालिकामा बिहीबार कोरोना पोजेटिभ देखिएका १८ जनामा ५ जना जनपद प्रहरीका सुरक्षाकर्मी रहेका छन्।

कोरोना रोकथाम र नियन्त्रणमा अग्रपंक्तिमा रहेका सुरक्षाकर्मीमा कसरी कोभिड १९ संक्रमण देखियो अहिले गैंडाकोट क्षेत्रका स्वास्थ्यकर्मी र जनप्रतिनिधिलाई टाउको दुखाइ भएको छ। इलाका प्रहरी कार्यालयमा कार्यरत सुरक्षाकर्मीमा संक्रमण देखिएपछि उनीहरूलाई अस्थायी कोरोना अस्पताल, प्राकृतिक चिकित्सालय रजहरको आइसोलेसनमा पठाइएको हो।

इप्रकाका अन्य सुरक्षाकर्मीलाई अलग्ग राखेर दैनिक जनताको सेवा सुरक्षाका लागि अतिरिक्त टिम गैंडाकोट झिकाइने नगर प्रमुख छत्रराज पौडेलले बताउनुभयो। बेजिल्ला र विदेशबाट आएकालाई परीक्षणअगाडि अलग्गै निगरानीमा राख्न जिल्लाका सबै नगर र गाउँपालिकाले क्वारेन्टाइनको व्यवस्था गरेका छन्।

तर कोही होम क्वारेन्टाइन र कोही समुदायको क्वारेन्टाइन बस्ने परिपाटीले समाजमा हुनेलाई चैन नहुनेलाई ऐनजस्तो विभेद पनि देखापरेको स्थानीयहरू बताउँछन्। होम क्वारेन्टाइनमा बस्दा सानो लापबाहीले पनि एकातर्फ समाजमा संक्रमण फैलन सक्छ भने क्वारेन्टाइन बस्ने संक्रमित भैहाले सबै घर परिवारको परीक्षणमा सरकारको समय र खर्च दुवै लाग्ने स्वास्थ्यकर्मीको भनाइ छ।

जिल्लामा गुपचुप होम क्वारेन्टाइन बस्नेको संख्या बाक्लै रहेकाले समुदायले पनि सचेत भएर बाहिरबाट आउनेलाई क्वारेन्टाइन पठाउनुपर्ने कावासोतीका दीपेन्द्र बस्यालको भनाइ छ। होम क्वारेन्टाइन बस्ने संख्या बढ्दै गएमा औषधीमुलो विनाको घातक महामारी कोरोना भाइरस भुसको आगोझैं समाजमा नफैलेला भन्न नसकिने बस्याल बताउनुहुन्छ।

# 'भट्ट हटाउने सोच छैन'

**काठमाडौं, (नेस)**

पशुपति क्षेत्र विकास कोषले पशुपतिमा पुजारी भट्टहरू हटाउने कुनै सोच नरहेको स्पष्ट पारेको छ। कोषले भट्टहरू हटाउन लागेको भनी विभिन्न सञ्चार माध्यममा आएको समाचारप्रति ध्यानाकर्षण भएको भन्दै कोषका सदस्य सचिव डा. प्रदीप ढकालले भट्ट हटाउने कुनै निर्णय र सोच नभएको बताउनुभएको छ। पशुपतिमा कार्यरत भट्टहरू हटाउने चर्चा नेपाल र भारतबीच सयौं वर्षदेखि कायम सम्बन्धलाई धुमिल पार्नेहरूको उक्साहट रहेको कोषले जनाएको छ।

सदस्य सचिव डा. ढकालद्वारा हस्ताक्षरित विज्ञप्तिमा नेपाल र भारतबीच सदियौंदेखि जनस्तरसम्म धार्मिक, आध्यात्मिक, सामाजिक र सांस्कृतिकरूपमा रहेको प्रगाढ सम्बन्धलाई धुमिल गर्न कतिपय शक्ति सक्रिय रहेको आरोप लगाइएको छ। विज्ञप्तिमा भनिएको छ- 'नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कोषले भट्टहरू हटाउने कुनै सोच बनाएको छैन।'

## मुख्यमन्त्रीद्वारा बाढीपहिरोको क्षतिबारे निरीक्षण

**लमजुङ, (नेस)**

लमजुङमा बाढीपहिरोले पुर्‍याएको क्षतिबारे गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहितको टोलीले निरीक्षण गरेको छ। बुधबार गुरुङसहितको टोलीले बेसीशहर नगरपालिका-७ पुमाखोलामा आएको बाढीपहिरो र मध्यनेपाल नगरपालिकाको बाढीपहिरोको निरीक्षण गरेको हो।

**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कटारी, उदयपुर
१ नं. प्रदेश, नेपाल

**आशयपत्र सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०७७/०४/०२

यस कटारी नगरपालिकाको मिति २०७७/०२/२० को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा पुनः प्रकाशित सूचना अनुसार रितपूर्वक पर्न आएका वोलपत्रहरु मध्ये तपशिलको प्रस्तावदाताले पेश गरेको वोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन (पहिलो संशोधन) २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र को सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | योजनाको नाम | फर्मको नाम | कबोल मुल्य | कैफियत |
|---|---|---|---|---|
| 14/Uda/Katarimun/076-77 | Chayga Ring Road Black top Road Niraman Karya, Katari-3 | काली निर्माण सेवा, काठमाडौं | रु. ६८,४४,२२०।०० | मु.अ. कर वाहेक |

प्रमुख प्रशासकीय अधिकृत